लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## घोराही, दाङ

पत्र संख्या : ०८२/८३
चलानी नं : २५१

### उन्नत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/१२/११

कृषि ज्ञान केन्द्र, दाङ्गको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास (तर्फ उत्पादन) अन्तर्गत उत्पन्न बीउ उत्पादनका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रम अन्तर्गत उपर्युक्त कार्यक्रम सञ्चालन हुने हुँदा दाङ्ग जिल्लामा बीउ उत्पादनको कार्यमा संलग्न रहेका कृषक समूह/कृषि सहकारी संस्था/निजी कृषि फर्म/उद्योग कम्पनी दर्ता प्रमाणपत्रसहित तोकिएको ढाँचामा प्रस्ताव आह्वान गरिएको छ ।

इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/निजी कृषि फर्म/उद्योग कम्पनीले मिति २०८२/१२/१७ गते भित्र कृषि ज्ञान केन्द्र, दाङमा आवश्यक कागजातसहित प्रस्ताव पेश गर्नुहुन अनुरोध छ । अन्य जानकारीका लागि कृषि ज्ञान केन्द्र, दाङको वेबसाइट तथा सूचनापाटीमा हेर्न सकिनेछ । साथै यस सम्बन्धी थप जानकारीको लागि कृषि ज्ञान केन्द्र, दाङ्गमा सम्पर्क गर्न सकिनेछ ।

**कार्यक्रम विवरण**

| क्र.सं. | कार्यक्रम | विनियोजित रकम (लाखमा) | क्रियाकलाप तथा अनुदान अधिकतम सीमा |
|---|---|---|---|
| १ | उन्नत बीउ उत्पादनका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | १० | बीउ बिजन उत्पादन तथा प्रशोधनसँग सम्बन्धित पूर्वाधार निर्माणका क्रियाकलापमा ५०% र बीउ बिजन उत्पादन तथा प्रशोधनसँग सम्बन्धित यन्त्र उपकरणमा ५०% अनुदान दिइनेछ । |

**आवश्यक कागजातहरू:**

१. प्रस्तावकको निवेदन ।
२. वीउ विजन कारोवार सम्वन्धि अनुमतिपत्रको प्रतिलिपि।
३. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/सहकारी/सामुदायिक वीउ बैंक)।
४. स्थायी लेखा नम्वर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार)।
६. सम्वन्धित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (सहकारी संस्था/समूह/कम्पनी/सामुदायिक वीउ बैंक आदिको हकमा)।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा प्रचलित दररेट अनुसार लागत अनुमान डिजाईन तथा नक्सा।
१०. पूर्वाधार निर्माण गरिने जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि तथा चालु आ.व. को मालपोत तिरेको रसिद (भण्डारण गृह निर्माण जस्ता स्थायी संरचना निर्माणको लागि आवश्यक जमिन आवेदकको स्वामित्वको हुनुपर्नेछ)

CamScanner